**बहुदरमाई नगरपालीकाको नगर सभामा उप प्रमुख गायत्री देवी यादवबाट आ.व.२०७५।०७६ का लागि प्रस्तुत**

**नीति,कार्यक्रम तथा बजेट**

बहुदरमाई नगरपालीकाको दोस्रो नगरसभाको अध्यक्षता गरिराख्नु भएका नगर प्रमुखज्यू,प्रमुख प्रशासकीय अधिकृतज्यू,कार्यपालिका र नगरसभाका सम्पुर्ण सदस्यज्युहरु, तथा कर्मचारी मित्रहरु सबैलाई हार्दिक अभिवादन र स्वागत गर्न चाहन्छु :

सर्वप्रथम यस गरिमामय प्रथम नगर सभामा विगतदेखि अधिकार प्राप्तीका लागि आन्दोलन गर्दै संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना एवं मधेसको हक अधिकार स्थापना गर्न आफ्नो प्राण आहुती गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुलाई स्मरण गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

स्थानीय निर्वाचन मर्फत आफ्नो अभिमत जाहेर गरि जनप्रतिनिधिहरुको स्थानीय तहमा बाहाली भई स्थानीय सरकारको गठन भई स्थानीय तहले जनता विच आफ्नो प्रतिबद्धता अनुरुप काम शूरु गरिसकेको छ । यस अबसरमा बहुदरमाई नगरपालीकाको विकास र सम्वृद्धिका लागि दोस्रो नगर सभामा स्थानीय सरकारको निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसिको अनुभुति गरेको छु ।

स्थानीय तहमै उपलब्ध श्रोत साधनहरुको प्रभावकारी उपयोग मार्फत जनताको आबश्यकता एवं चाहानाको प्राथमिकिकरण गर्दै जनताहरुकै सहभागितामा बहुदरमाई नगरपालीकालाई विकास गरि सम्वृद्ध बनाउनु आजको आबश्यकता हो । यसै क्रममा आ.व.२०७४।०७५ मा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुरयाउने उत्पादन र छिटो प्रतिफल दिने , स्थानीय स्रोत र साधनमा आधारित भई जन सहभागितामा अभिबृद्धि गर्ने , जनताको जीवन स्तर सुधार्ने लगायतका उदेश्य तथा निती लिई बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको थियो । स्थानीय तहको निर्वाचन पश्चात नयां नगरपालिकाको रुपमा यस नगरपालिकाको स्थापना भएकोले कार्यालय तथा कर्मचारी ब्यवस्थापन पक्षमा बढी ध्यान केन्द्रीत गर्नू पर्ने भयो । योजना कार्यवन्यनको गर्ने कार्य समयमै शुरु गर्न सकिएन जसले गर्दा अपेक्षित नतीजा प्राप्त भएन । तर पनि योजना तर्जुमा र कार्यवन्यनमा जोड दिदै आईएकोमा समय अभावका कारण योजना कार्यवन्यनको चरण अपेक्षा गरे अनूरुप अगाडी बढन सकेन ।

विगतको अनुभव र कमजोर पक्षलाई ध्यान दिई आ.व.२०७५।०७६ का लागि उपर्युक्त नितीहरुलाई निरन्तरता दिई दिर्घकालिन सोचका साथ नयां नितीहरु प्रस्तावित गरिएको छ । खास गरि तत्काल फाईदा प्राप्त गर्ने अपेक्षालाई निरन्तरता दिई बजेटलाई धेरै चरणमा विभाजन गर्नु भन्दा दिर्घकालसम्म टिकाउ हुने , जनताले लामो समयसम्म फाईदा लिन सक्ने योजना निर्माणमा बढी जोड दिइएको छ ।

"कृषी, पर्यटन, पूर्वाधार र रोजगार, सुन्दर बहुदरमाई नगरपालीकाको समृद्धीको आधार" भन्ने मूल नारालाई ब्यबहारिक रुपमा कार्यान्वायनमा उतार्न प्रस्तुत निति तथा कार्यक्रम सफल हुने छ ।

नीति तथा कार्यक्रम र बजेटले लिएको उद्देश्य देहाय बमोजिम रहेका छन :

- दिर्घकालिन प्रकृतिका योजना निर्माण गरि विकासको कामलाई दिगो बनाउने ।
- स्थानीय शासन व्यवस्थाका पुर्वाधार तयारी तथा जनतामा शुसासनका अनुभुति दिने ।
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजश्व बृद्धि तथा परिचालनमा योगदान पुर्‍याउने
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिबृद्धि गर्ने
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने
- वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने
- बहुदरमाई क्षेत्रको कला र संस्कृतिको पहिचान र प्रबर्द्धन गर्ने,
- स्थानीय तहको आर्थिक तथा सामाजिक रुपान्तरणका आधारसिला तयार गर्दै जाने ।

**बहुदरमाई नगरपालिकाले आ.ब. २०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न आधारहरु लिएको व्यहोरा प्रस्तुत गर्दछु ।**

- वर्तमान संविधानले गरेको व्यवस्था तथा प्रावधानहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- चालु आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ का प्रावधानहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरु : सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित बिषयहरु ।

सभा अध्यक्ष ज्यू ,

अब म नगर कार्यपालिकाबाट पारित आगामि आ.व. २०७५/०७६ को यस नगरपालीकाको बिकासका लागि आबश्यक रहेको मुख्य मुख्य नीति तथा कार्यक्रम र बजेट बारे संक्षिप्त रुपमा यस नगरसभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस कार्य योजनाको विस्तृत विवरण नगरपालिकाको बार्षिक योजनाको पुस्तकबाट प्रस्ट हुनेछ ।

# पूर्वाधार विकास

**भौतिक पूर्वाधार तथा संरचना विकास :**

- ✓ १. स्थानीय सरकारको रुपमा नगरकार्यपालिकाले कार्य गर्नुपर्ने हुँदा यस बहूदरमाई नगरपालिकाको दिगो र नतिजामूलक विकासका लागि नगर गुरुयोजना तयार गरि कार्यान्वायनमा जोड दिईनेछ ।
- ✓ २. सम्भावित प्रकोप दुर्घटना र यस नगरपालिका बासीको सुरक्षाको लागि शहरी बिकास मन्त्रालयबाट जारी बस्ती बिकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मार्गदर्शन लागु गरिनेछ ।
- ✓ ३.दिगो नतिजा मूलक विकासको लागि नगर गुरुयोजना, खानेपानी तथा सरसफाई गुरुयोजना अगामी वर्ष आवधिक नगर विकास योजना , भु-उपयोग योजना एवं प्रकोप व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा जोड दिईने छ ।
- ✓ ४. नगर भित्रका सहायक सडकहरु (क) वर्गका प्रमुख सडकहरु १४ मिटर (ख) वर्गका मुख्य शाखा सडकहरु १० मिटर , (ग) वर्गका भित्री शाखा सडकहरु ६ मिटर र पुराना वस्तीहरुका साँघुरा सडकहरुलाई समेत प्रत्येक घर सम्म एम्बुलेन्स , दमकल पुग्न सक्ने गरी कम्तीमा ४ मिटर वा सो भन्दा नक्सामै बढी भएमा नक्सा अनुसार सडक चौडा गरी मात्र सडक मर्मतका स्वीकृत आयोजनाहरु मर्मत संभार र स्तोरन्नती गरिने छ ।
- ✓ ५. कम्तीमा ८ मिटर चौडा सडक संग जोडिएको प्लटमा भित्री सडकहरु कम्तीमा ६ मिटर चौडागरी खानेपानी , विद्युत पोल , ढल र सडकको स्तरोन्नती समेत गर्ने शर्तमा नयाँ प्लटिङ्गको अनुमति प्रदान गरिनेछ । साथै अव खोलिने सवै नयाँ सडकहरुको चौडाई कम्तीमा ६ मिटर चौडा हुने छ ।
- ✓ ७. विकास निर्माणमा प्रयोग हुने निर्माण सामाग्री र कच्चा पर्दाथ नगरस्तरीय मापदण्ड तोकी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिने छ ।
- ✓ ७. आकस्मीक मर्मत संभारको लागि संभारकोषको व्यवस्था गरी संचालनमा ल्याईने छ ।
- ✓ ८. नगरमा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु सम्भाव्यता , स्थानिय आवश्यकता र प्राथमिकता एवं लाभान्वित वर्गको चाहना अनुरुप वातावरण मैत्री पूर्वाधार विकास हुने गरी विधि सम्मत प्रकृयाबाट संचालन गरिने छ ।
- ✓ ९. आ.व.२०७४।०७५ मा छनौट भई कार्यवन्यनका चरणमा रहेका योजना तथा कार्यक्रमहरुलाई यथावत रुपमा निरन्तरता दिईने छ ।
- ✓ १०. पांच ५ लाख भन्दा माथिका आयोजनाहरुमा आयोजना स्थलमा योजना सम्बन्धि जानकारी गराउन अनिवार्य रुपमा विस्तृत विवरण सहित होर्डिङ्ग बोर्ड लगाईने छ ।
- ✓ ११. वढ्दो सार्वजनिक जग्गा तथा सडक अतिक्रमणलाई स्थानिय जनसहभागितामा नियन्त्रण गरी ऐतिहासिक , धार्मिक स्थलहरुका साथै सार्वजानिक जग्गाहरु खोजी तथा संरक्षण कार्यलाई निरन्तरता दिईने छ ।
- ✓ १२. प्रत्येक वर्ष उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गर्ने र खराब आचरण भएका उपभोक्ता र सहयोगीहरुलाई दण्ड सजाय गर्ने निति लिई गुणस्तरीय विकास निमार्णमा जोड दिईने छ ।
- ✓ १३. एक नगर एक बहु-उपयोगी पोखरीको अवधारणा अनुसार पोखरीलाई स्तरोन्नती गरी सो क्षेत्रलाई नगरको रमणिय र धार्मिक, आर्थिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न गुरुयोजना वनाई बजेट व्यवस्थापनका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

- ✓ १४.सिचाईका मुहानहरु सुक्दै गएको र भु-क्षय भई बाँध बाध्न कठिन भएको वर्तमान अवस्थामा कृषकहरुको हकहितलाई ध्यानमा राखी नगर भित्रका सिचाँई बाँध तथा पैनीहरुको मुहान संरक्षण ,मर्मत संभार तथा सिचाई सुविधाको लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
- ✓ १५.नगरपालिकाको स्रोत साधनले सम्भव नहुने योजनाहरुलाई केन्द्र स्तरका सम्बन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफारिस गरी पठाईने छ सो का लागि योजनाहरु योजना बैकमा राखिने छ ।
- ✓ १६. सडक मर्मत तथा निर्माण गर्दा स्थायी योजना बनाई निर्माण कार्यलाई तिब्रता दिईने छ । अस्थायी र अल्पकालिन योजनहरु प्राथमिकतामा राखिने छैन ।
- ✓ १७.सडक निर्माण गर्दा गाउँबासिहरुको जनजिबनलाई सहज बनाउने गरि बाताबरण मैत्रि सडकको रुपमा बिस्तार गरि बृक्षारोपण कार्यलाई समेत प्राथमिकता दिइनेछ ।
- ✓ १८. सार्वजनिक सडकहरु बाह्रै महिना सूचारु राखिने छ । आकस्मिक रुपमा सडक, नालाको मर्मत संभार, मेला पर्व स्थल , धार्मिक स्थलको ब्यवस्थापनका लागि एक आकस्मिक मर्मत सम्भार कोष स्थापना गरिनेछ ।
- ✓ १९.नगरपालिकाको आधुनिक भवन निर्माणको लागि जग्गाको पहिचान गरिनेछ । भवन निर्माणको लागि नेपाल सरकार तथा प्रदेश सरकारसंग आवश्यक समन्वय गरी स्रोतको व्यवस्था मिलाइनेछ । साथै वडा कार्यालयहरुको भवन निर्माणको लागि विशेष पहल गरिनेछ ।
- ✓ २०.बसपार्क निर्माणको लागि जग्गाको पहिचान गर्दै विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्य अगाडी बढाइने छ।
- ✓ २१.आधुनिक बजार सपिङ्ग कमप्लेक्स निर्माणको लागि जग्गा पहिचान गरी विस्तृत परियोजना प्रतिवेदन सहित कार्य अगाडि बढाइनेछ ।
- ✓ २२.विकासको मेरुदण्ड सडक भएको तथा शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भूमिका भएकोले पक्की सडक विकास तथा ढल निकासको लागि योजनाबद्ध प्रयासहरु गरिने छ ।
- ✓ २३.रङ्गशाला निर्माणको लागि जग्गा पहिचान गरी विस्तिृत परियोजना सहित कार्य अगाडि बढाईने छ ।
- ✓ २४. सडक बत्ती व्यवस्थापन तथा सुधारका लागि आवश्यक कार्यहरु अगाडि बढाइनेछ ।

## आर्थिक विकास

- ✓ १.निर्वाहमुखि खेती प्रणालीलाई व्यवसायिक कृषि प्रणाली तर्फ रुपान्तरण गर्न पहल गरिने छ ।
- ✓ २. आर्गानिक तरकारी खेती कार्यक्रममा आवश्यक सहयोग गर्दै यस नगरमा युवा स्वःरोजगार कार्यक्रम संचालन गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।
- ✓ ३.उन्नत पशुपालन पशु विमा गोठ तथा भकारो सुधार जस्ता कार्यक्रमहरु संचालनमा विशेष पहल गरिने छ
- ✓ ४. भौगोलिक अबस्था र हावापानी हेरी प्राबिधिकहरुलाई माटो परिक्षण गराई हावापानी र माटो अनुसार अन्न खेती, तरकारी खेती, फलफुल खेती, नगदेबालीको खेति गर्न योग्य जमिनलाई पकेटक्षेत्र घोषणा गरी सोहि अनुसारको कृषि उत्पादन गर्ने निति अबलम्बन गरिनेछ ।
- ✓ ५. एक नगर एक उत्पादनको लागि बहुदरमाईको पहिचानको रुपमा तरकारी खेतीलाई प्रोत्साहन गरिने छ ।

✓ ६. नगरपालिकामा बिभिन्न विषयको कृषि विशेषज्ञहरुको ब्यबस्था गरी किसानलाई कृषि उत्पादनमा सहयोग गर्ने व्यबस्था मिलाईनेछ ।

✓ ७. किसानलाई आबश्यक पर्ने मल, खाद, बिउ बिजन , बिषादी इत्यादी सुपथ मूल्यमा सहजढङले उपलव्ध गराउने व्यबस्था मिलाईनेछ ।

✓ ८.मासु तथा दुग्धजन्य पदार्थ उत्पादन गर्ने किसानलाई व्यवसायीकरुपमा आत्मानिर्भरताका लागी उत्पादन गर्ने व्यबस्था मिलाई प्रोत्साहन गरिनेछ ।

✓ ९. बहुदरमाई नगरपालिकाभित्र उत्पादित कृषिजन्य उपजको बजार व्यबस्थापन गरिनेछ ।

✓ १०. जग्गा बाझो राख्ने प्रबृतिलाई निरुत्साहित गरीने छ ।

✓ ११. व्यबसायिक पशुपालन र कुखुरापालनमा जोड दिदै आगामि पाँच बर्ष भित्र बहुदरमाई नगरपालिकालाई दुग्धजन्य पदार्थ र मासुमा आत्मानिर्भर बनाउदै निकासी गर्न सकिन ब्यबस्थाको थालनि गरिनेछ ।

**सहकारी क्षेत्रको विकास , गरिवी न्युनीकरण र पर्यटन प्रवर्द्धन :**

✓ १.सहभागिताको माध्यमबाट ग्रामिण क्षेत्रमा समेत सहकारी क्षेत्रको परिचय र विकासका वारेमा सामाजिक परिचालन मार्फत सचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

✓ २. विपन्न लक्षित समुहका लागि आय मूलक र सीपमूलक तालिम प्रदान गरी लघुउद्यम संचालन र विकासको लागि प्राविधिक सहयोग गरी गरिवी न्युनीकरणमा टेवा पुर्याइने छ ।

✓ ३. नगरमा हुने विकास निर्माणका कार्यमा स्थानिय सिप,साधन र श्रोतको उपयोगलाई प्राथमिकता दिईने छ ।

✓ ४. विविध धर्म संस्कृति भएका मठ मन्दिर आदिमा स्थानिय कला संस्कृति झल्कने खालका कार्यक्रम संचालनका लागि आवश्यक पहल गरिने छ ।

✓ ५. बहुदरामाई मन्दिर एरियालाई पर्यटकिय क्षेत्र तथा वनभोज स्थल (पिकनिक स्पोर्ट) को रुपमा विकास गरि पिपिपि मोडमा संचालनको व्यवस्था मिलाईने छ ।

✓ ६. नगर क्षेत्र भित्र अन्य पर्यटकिय क्षेत्रको पहिचान गरी कार्य योजना सहित सम्बन्धित निकायमा वजेट व्यवस्थापनको लागि पहल गरिने छ ।

## सामाजिक विकास

**शिक्षा :**

✓ १.राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धि मूलक बनाउन शिक्षा शाखा र गैह्र सरकारी संस्थाहरु बीच समन्वय गर्दै यथाशिघ्र निरक्षरता उन्मुलन गरिने छ ।

✓ २. सामुदायिक विद्यालयहरुको भौत्तिक पूर्वाधार विकास स्तोरन्नतिको लागि आवश्यक सहयोग र सरोकारवालाहरु संग समन्वय गरी व्यवस्थित गर्दै लगिने छ ।

✓ ३. शिक्षा क्षेत्रको खसकिदो गुणस्तरलाई ध्यानमा राख्दै सम्बन्धित सरोकारवाला निकायहरु संग समन्वय गरी नगरका सवै शिक्षण संस्थाहरुको आवश्यक अनुगमन र नियमन गर्दै गुणस्तरीय शिक्षामा जोड दिईने छ ।

✓ ४. नगर क्षेत्रबाट उत्कृष्ट नतिजा ल्याउँने शिक्षण संस्था तथा उत्कृष्ट छात्र छात्राहरुलाई पुरस्कार र सम्मानको व्यवस्था गरी प्रोत्साहन गरीने छ ।

✓ ५.बहुदरमाई नगरपालिका भित्र रहेका सम्पूर्ण बिध्यालयहरुको बिबरण संकलन गरि सोको अबस्थाको बारेमा अध्ययन गरि बिधालयको शैक्षिक गुणस्तरलाई क्रमिक रुपमा सुधार गर्दै लैजाने निति अबलम्बन गरिनेछ ।

- ✓ ६. सबै बिधालयको शैक्षिक भौतिक पूर्बाधार बृतिबिकासका लागि बिध्यालय समायोजन गरिने छ । शिक्षक र बिध्यार्थी अनुपातमा आन्तरिक दरबन्दी मिलान गरि शैक्षिक सत्र २०७६ देखि सामुदायिक बिध्यालयहरुको सब भन्दा तल्लो कक्षामा अनिबार्यरुपमा अग्रेजी माध्यमबाट अध्यायन  अध्यापन कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।
- ✓ ७.बिधालयमा सबै सधैका लागि आचारसंहिता लागु गरिने छ ।
- ✓ ८.राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने नगर क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा जित हासिल गराउँन सहयोग पुर्याउँने प्रशिक्षकज्यूहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मान गर्ने व्यवस्था मिलाईने छ ।
- ✓ ९. माध्यिमिक विद्यालय र केही आधारभुत विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।
- ✓ १०.नगरपालिकाको प्रत्येक विद्यालयमा पोसाक अनिवार्य गरिनेछ ।
- ✓ ११.शिक्षण पेशालाई मर्यादित र सम्मानित बनाउन राजनैतिक प्रभावबाट मुक्त राखिने छ । यसबाट शिक्षण पेशामा व्यावसायिकताको बिकास हुनेछ ।
- ✓ १२. बालबिकास केन्द्रमा भौतिक संरचनाको बिकास गर्दै बालबिकास सहयोगीहरुको क्षमता अभिबृद्दि गर्दै न्यायोचित सेवा सुबिधाको व्यवस्था गरिनेछ ।
- ✓ १३.बहुदरमाई नगरपालिकाको सबै वडाहरुको शिक्षाका कार्यक्रमहरुका साथै सामुदायिक सिकाई केन्द्रका कार्यक्रमहरुलाई प्रभाबकारी रुपमा संञ्चालन गर्न जोड दिईनेछ ।
- ✓ १४. यस नगरपालिकामा बहुदरमाई नर्सिंग कलेज स्थापनाका लागि जति सक्दो चाडो आवश्यक कार्यको थालनी गरिने छ ।
- ✓ १५. उच्च मा.वि.हरु मध्ये कुनै एक विधालयमा सुचना प्रविधि विषय कक्षा संचालन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

**महिला , बालबालिका तथा अन्य लक्षित समुह विकास :**

- ✓ १. सवै लक्षित वर्गको पूर्वाधार विकासको लागि विनियोजित रकमबाट छनोट गरीएका आयोजना र कार्यक्रमहरु सम्बन्धित लक्षित वर्गकै सहभागितामा संचालन गरिने छ ।
- ✓ २. विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी सम्रग महिलाहरुको सशक्तिकरण र क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।
- ✓ ३. बालमैत्री स्थानिय शासनको अवधारणालाई संस्थागत विकास गर्ने निति लिईने छ ।
- ✓ ४. बाल संजाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धि कार्य”लाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- ✓ ५. सरकारी तथा सार्वजनिक सबै भौतिक संरचनालाई आपाङ्ग मैत्री वनाउदै लगिने छ ।
- ✓ ६. यस नगरपालिकालाई निकट भविष्यमै बालमैत्री नगर तुल्याउँने निति अंगिकार गरिने छ ।
- ✓ ७. जेष्ठ नागरिकहरुको सामाजिक पहिचान , सम्मान एवं सामाजिक सुरक्षमा विषेश जोड दिईने छ ।
- ✓ ८.दलित एवं आदिवासी/जनजाति, मधेशी , मुसलिम, पिछडावर्गका हक अधिकारको प्रर्वद्धन एवं निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ ।
- ✓ ९. महिला, बालबालिका, आदिवासी/जनजाति, मधेशी, मुसलिम, पिछडावर्ग, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैङ्गिक अल्प संख्य , जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा सिप विकासका लागि सिपमूलक , चेतना मूलक कार्यक्रमहरु संचालन गरिने छ ।

**स्वास्थ्य**

- ✓ १. नगरपालिका क्षेत्रमा जनस्वास्थ्य संग सम्बन्धित क्रियाकलापहरु संचालन गर्ने सवै सरकारी तथा गैरसरकारी संघ संस्था तथा निजि क्षेत्रहरुसंग समन्वय गरी गुणस्तरीय स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन जोड दिईनेछ ।
- ✓ २ नगर भित्र आर्युवेर्दिक चिकित्सा प्रणाली र योग शिक्षा संचालन गर्ने व्यक्ति र संघ संस्थाहरुलाई आवश्यक सहयोग र प्रोत्साहन गरीने छ ।
- ✓ ३. सर्वसाधारणका लागि नेपाल सरकारले सरकारी स्वास्थ्य संस्थाहरु मार्फत निः शुल्क उपलब्ध गराउँने औषधी तथा अन्य सेवाहरु परर्दशि रुपमा वितरण गरिने छ ।
- ✓ ४. स्वास्थ्य सेवाका लागी आबश्यक पर्ने उपकरण औजारहरु तह अनुसार तुरुन्त व्यबस्था गर्ने रणनिति अपनाईनेछ ।
- ✓ ५. संघिय सरकार र प्रादेशिक सरकारद्धारा तोकिएका औषधिहरु समयमै उपलव्ध गराउन सम्बन्धीत निकायसँग समन्वय गरि तुरुन्त उपलब्ध गराउने बाताबरण बनाईनेछ ।
- ✓ ६. स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्रको पूर्बाधारलाई प्राथमिकतामा राखि आबश्यक बजेट बिनियोजन गरिनेछ ।

**वतावरण  तथा विपद व्यवस्थापन**

- ✓ १." पवित्र , सुन्दर , हरित , समृद्ध , बहुदरमाई " भन्ने नारालाई सार्थक तुल्याई नगरपालिकालाई पूर्ण सरसफाई युक्त बनाउन खुला दिशा मुक्त सम्बन्धि कार्यक्रमहरु संचालन गरी यथा शिघ्र खुला दिशा मुक्त क्षेत्र घोषना गर्दै सरसफाईमा नमुना शहरको रुपमा स्थापित गर्न जोड दिईनेछ ।
- ✓ २.खाली पर्ती जग्गा तथा सडकको दायाँ बाँया उपभोक्ता समुह , विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपन कार्य क्रम संचालन गरी हरियाली प्रवर्द्धन गरिने छ ।
- ✓ ३. नगरको फोहरमैला व्यवस्थापनमा निजि क्षेत्र समेतलाई परिचालन गरी सार्वजानिक निजि साझेदारी ( पिपिपि ) मोडेलको अवधारण अनुरुप कार्य गर्ने निति लिईने छ ।
- ✓ ४. सरसफाई बानी व्यहोरा परिवर्तन गर्ने जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।
- ✓ ५. फोहरलाई श्रोतमा न्यसनिकरण गर्न घर घरमा कुहिने र नकुहिने फोहरलाई छुट्याँउन लगाई कुहिनेलाई कमपोष्ट मल बनाउने , नकुहिने फोहर मध्ये कुन प्रयोजन हुनेलाई बेचेर मोहर बनाउने तथा अन्य काम नलागने फोहरहरु मात्र रुटिन अनुसार नगरपालिकाको फोहर उठाउने सवारीमा सिधा राख्ने व्यवस्था मिलाई सरसफाई प्रवर्द्धन गरिने छ ।
- ✓ ६.. ढल, नाला तथा लैण्ड फिल साईड व्यवस्थापनमा आवश्यक पहल गरिने छ ।
- ✓ ७. नगर क्षेत्र भित्र प्लास्टिक प्रयोगमा बन्देज लगाई सार्वजानिक निजि साझेदारी (पिपिपि) मोडेलको अवधारण अनुरुप वातावरण मैत्री झोला उत्पादन गर्न प्रत्साहित गर्दै प्रविधिमा आवश्यक सहयोग गरिने छ ।
- ✓ ८.जथाभावी फोहर गर्ने, सार्वजानिक स्थान र सडकहरुमा अवरोध हुने गरी पशु चौपाया छोड्ने तथा निर्माण सामाग्री राख्ने लाई फोहर मैला प्रचलित कानुन अनुसार कार्यवाही गरिने छ ।
- ✓ ९. शौचालय बनाई प्रयोगमा ल्याएका घर परिवारलाई यथाशिघ्र सरसफाई कार्ड वितरण गरी उक्त कार्डलाई नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा अनिवार्य गरिने छ ।
- ✓ १०. बिपद राहत कोष : विपतको समयमा पिडितलाई तत्कालै राहत उपलब्ध गराउनका लागि नगरपालिकामा एक विपद राहत कोषको स्थापना गरि सो कोषमा रकम बिनियोजन

गर्ने आकस्मीक बिपदको समयमा सो कोषबाट पिडितलाई सहयोग गरिने छ । यसका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरी सहयोग पुरयाईनेछ ।

- ✓ ११ सम्भाब्य विपद सम्बन्धि जनचेतना, बिपद पुर्ब तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वायनमा पहल गरिने छ ।
- ✓ १२ जलबायु परिबर्तन अनुकुलन कार्ययोजना निर्माण गर्न आबश्यक पहल एबं सम्बन्धित निकाय र संघ/संस्थाहरुसँग समन्वय गरिनेछ ।
- ✓ १३ नदि कटान, बाढी पहिरो, आगलागी, भुकम्पको प्रभावित क्षेत्रको अध्ययन गरी नियन्त्रणका लागि पहल गरिने छ ।
- ✓ बैकल्पिक उर्जा स्रोतको पहिचान गर्ने क्रममा सौर्य उर्जालाई प्राथमिकता दिई यसको पुर्वाधार विकासमा जोड दिने ।

**राजश्व सम्भाव्यता , बजार र वित्तिय व्यवस्थापन :**

- ✓ १.नगरवासीले तिर्ने कर शुल्क नै नगर समृद्धीको आधार हो , भन्ने तथ्यलाई मनन गर्दै नतिजा मूलक दिगो विकासका लागि श्रोत जुटाउन नगरवासीहरुलाई वोझ नहुने र सर्व स्वीकार्य हुने गरी सरल वैज्ञानिक र प्रभावकारी कर प्रणाली मार्फत दर रेट कायम गरी नगरको दिगो श्रोतको रुपमा एकिकृत सम्पत्ति कर प्रणाली अगामी आ.व. देखि लागु गरिने छ ।
- ✓ २. नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजश्व शाखा संग आवद्ध गरिने कार्यलाई प्रभावकारी बनाईने छ ।
- ✓ ३. उधोग वाणिज्य संघ, स्थानीय ब्यापारी संघ संगको सहकार्य र समन्वयमा व्यवसाय करलाई व्यवस्थित र प्रभावकारी बनाई सबै व्यवसायलाई करको दायरामा ल्याईने छ ।
- ✓ ४. वार्षिक रु. १ लाख भन्दा बढी कर तिर्ने कर दाताहरुको अभिलेख राखी निजहरुलाई विषेश रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था मिलाईने छ ।
- ✓ ५. नगरपालिकाका विविध सेवाहरु उपलब्ध गराउन अतिरिक्त दस्तुर लिई घर दैलो सेवा उपलब्ध गराईने निति अवलम्बन गरिने छ ।
- ✓ ६. कर संकलन कार्यमा संलग्न कर्मचारीहरुलाई प्रोत्साहित गर्न वार्षिक लक्ष्य भन्दा बढी कर संकलन भएमा लक्ष्य भन्दा बढी संकलन भएको रकमबाट नगरकार्यपालिकाको निर्णय अनुसार उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई प्रोत्साहन पुरस्कार उपलब्ध गराउनुको साथै दरवन्दी अनुसार पद पुर्ति नभएको अवस्थामा कार्यालय समय वाहेक समेत कार्यालयको काममा खटिने अन्य कर्मचारीहरुलाई समेत उचित सुविधा उपलब्ध गराईने छ ।
- ✓ ७. राष्ट्रिय भवन सहिंता र भवन निर्माण माप दण्ड बमोजिम बनेका पुराना घरहरुको नक्सा पास गर्ने , नयाँ भवन संरचनाहरु मापदण्ड बमोजिम बनाउन नक्सा पास गरी स्वीकृति दिने एवं मापदण्ड नपुगेका नगरपालिका घोषणा हुनु आगावै बनेका पुराना घर संरचनाहरु सार्वजानिक जग्गा र सडकमा पर्ने भए सुधार गर्न लगाई अन्यको हकमा लगत लिई नगरपालिकाले तोके अनुसारको राजस्व अशुल गरी अभिलेखीकरण गरी नगरपालिका घोषना हुनु पुर्व र पछि वनेका घरहरुको रेकर्ड अध्यावधि गरिने छ ।
- ✓ ८. नक्सा पास र स्वीकृती विना आफु खुशी बनाएका घर संरचनाहरु माप दण्ड विपरित भए निजकै खर्चमा भत्काउँन लगाई स्थानिय शासन संचालन ऐन अनुसार संरचना धनिलाई दण्ड जरिवाना गरी कानुनी दायरामा ल्याई व्यवस्था शहरी विकासमा जोड दिने छ ।
- ✓ ९.नगरका शहरी क्षेत्रमा घर जग्गा भाडामा लगाउँनेहरुको लगत लिई नियमानुसार वहाल कर असुल उपर गरिने छ ।
- ✓ १०. फोहर मैला व्यवस्थापनको लागि बजार क्षेत्र र फोहर बढि गर्नेहरु संग सरसफाई शुल्क लिई सरसफाईको व्यवस्थापन मिलाईने छ ।

- ✓ ११. राजश्व सम्भाव्यता अध्ययनबाट प्राप्त सुझाव अनुसार राजश्वका अन्य क्षेत्रहरु समेत पहिचान गरी करको दर भन्दा दायरा बढाउने तर्फ पहल गर्नुको साथै नागरिकको सचेतीकरणको लागि कर शिक्षा कार्यक्रम संचालन गरिने छ ।
- ✓ १२. यस नगर क्षेत्रमा पटके पसलहरु हाट बजार तथा अन्य सार्वजनिक सम्पत्ति नगरपालिका बाहेक अन्य संघ संस्था तथा निकायहरुले समेत ठेक्का बन्दोवस्त गरी सो को आम्दानी लिईरहेकोमा त्यस प्रकारको गैर कानुनी कार्यलाई पुर्ण रुपमा रोकी सम्पूर्ण आम्दानी रकम नगरपालिकामा प्राप्त हुने गरी एकद्वार प्रणालीबाट राजस्व परिचालन गर्ने व्यवस्थालाई सुनिश्चित गरिने छ ।
- ✓ १३. उपभोक्ता हकहित संरक्षणलाई ध्यान दिई स्थानिय प्रहरी प्रशासन , उद्योग वाणिज्य संग , संचार कर्मी , स्थानीय व्यापारी र अन्य सरोकारवाला निकायहरु संग समन्वय गरी बजारमा हुने कृतिम आभाव एकाधिकार र कालो बजारीलाई नियन्त्रण गरिने छ ।

**प्रशासन , सुशासन तथा पारदर्शिता :**

- ✓ १.नगरपालिका कार्यालयका प्रत्येक शाखाको फाईलिङ्ग , रेकडिङ्ग प्रणाली लगायत अन्य व्यवस्थापनमा समयानुकुल सुधार गर्दे लगनुका साथै कार्यालय संगठन शाखा ,उपशाखा र कर्मचारीको विवरण तयार गरी आधावधिक गर्दै लगिने छ ।
- ✓ २. पुराना पेश्की वेरुजु असुल उपर गर्दै कामको आधारमा भुक्तानी दिने व्यवस्था मिलाई विकास निमार्णको कार्यमा पेश्की वेरुजु शून्य निति अवलम्बन गरिने छ ।
- ✓ ३. कर्मचारीहरुको क्षमता विकास कार्यकम संचालन गरी कार्य सम्पादनमा सुधार गरिने छ ।
- ✓ ४. नागरिक वडा पत्रमा उल्लेख भएका सेवाहरु तोकिएको समयमा दिन नगरपालिका प्रतिबद्ध रहने छ ।
- ✓ ५. नगरपालिकाको गतिवीधिलाई विद्युतिय संचार माध्यमबाट सार्वजनिक गर्ने निति अनुरुप कार्यालयको आधिकारीक वेभ साईट तथा स्थानिय एफ एम बाट प्रसारण गरिने कार्यलाई निरन्तरता दिईने छ ।
- ✓ ६. नगरपालिका द्वारा प्रदान गरिने सेवा सुविधालाई निश्पक्ष, प्रभावकारी , पादर्शि एवं जवाफदेही बनाईने छ ।

**संस्थागत बिकास र सुशासन**

१. नगरपालिकाको बिकासको लागि बिकास साझेदार मैत्रि बाताबरणको सृजना गरिनेछ ।

- ✓ २. गैरसरकारी संस्था परिचालनमा एकद्धार निति लिइनेछ । नगरपालिका क्षेत्रभित्र क्रियाशिल गैरसरकारी संघ/संस्थाहरुको बस्तुगत बिबरण तयार गरि प्रत्यक बर्ष अध्याबधिक गरिनेछ । संस्थाहरुको बिज्ञता, अनुभब, उपलब्धश्रोत समुदाय परिचालनको अबस्था, कार्यसम्पादन स्तरको मूल्याङकन गर्दै गरिबिनिबारण लैगिक समाबेसीकरण लगाएत सामाजिक परिचालनका क्षेत्रलाई प्राथमिकताका आधारमा परिचालन गरिनेछ ।
- ✓ ३. सूचनाको हक सम्बन्धी ऐन २०६४ को पुर्ण रुपमा पालन गरिनेछ ।
- ✓ ५. नगरपालिका र वडा कार्यालयहरु मार्फत सेवा प्रवाहाका लागि आबश्यक पूर्वाधार निर्माण गरी कार्यसंचालन गरिनेछ ।
- ✓ ६. व्यक्तिगत घटना दर्ता कार्यलाई आगामि आर्थिक बर्षदेखी विधुतिय अभिलेख राख्ने कार्यको सुरुवात गरिनेछ ।

७. भ्रष्टचार जन्य क्रियाकलाप प्रति शुन्य सहनशिलताको अबधारणा मार्फत सु-शासनको प्रत्याभुत प्रदान गरिनेछ ।

सभा अध्यक्ष ज्यु ,

अब म माथि उल्लेखित निति तथा कार्यक्रमले लिएको लक्ष्य पुरा गर्न यस नगरपालिकाले आ.व.२०७५।०७६ का लागि विनियोजन गरेको आय ब्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु । यसको विस्तृत विवरण नगर विकास योजनको पुस्तिका मार्फत प्रकाशित हुने नै छ । यस नगरपालिकाको आ.व.०७५।०७६ मा आय तर्फ शर्शत अनुदान रु.१३,१६,०००००।००,आन्तरिक स्रोतबाट रु.५०,५०,०००।००, वितिय समानिकरण तर्फ रु.११,९८,०००००।०० ,सामाजिक सुरक्षा भता वापत रु.५,१५,००,०००। , स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु.१०,६०,०००।०० , राजस्व वाडफांड रु.६,७६,६४०००।०० गत वर्षको अल्या.रु.८९,३०,५५७४६, सडकबोर्डबाट रु.३२,००,०००।०० र युनिसेफको सहयोगमा बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ रु.१२,५०,०००।००, आन्तरीक आय रु.९,५७,०००।०० र अन्य स्रोतबाट बचत रकम रु.३,००,००,०००।०० गरि कुल रु.**४२,१०,११,५५७४६** र ब्यय तर्फ सामाजिक सुरक्षा भता वितरण रु.५,१५,००,०००।००, शर्शत अनुदान रु.१३,१६,०००००।००, एलजिसिडीपी रु.१०,६०,०००।००, सडकबोर्ड रु.३२,००,०००।०० , प्रशासनिक खर्च रु.६७६६४०००।००, सम्पुरककोष रु.४०,००,०००।००, आर्थिक विकास रु.१,०५,००,०००।००, सामाजिक विकास रु.४,२५,००,०००।००, भौतिक पूर्वाधार रु.९,६२,०००००।००, विपद ब्यवस्थापन रु.९०,००,०००।०० संस्थागत विकास रु.२५,३७,५५७४६ ,बहुक्षेत्रिय पोषण कार्यक्रम रु.१२,५०,०००।०० ,गरि कुल खर्च रु.**४२,१०,११,५५७४६** रहने लक्ष्य लिईएको छ ।